**आकाशवाणी समाचार- नेपाली**
**मितिः २८ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. भारतले आज सर्जिकल स्ट्राइकको दशौं वर्षगांठ मनाइरहेको छ।

२. कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा रबी अभियान २०२६ का लागि कृषिसम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

३. आजदेखि सुरु भएको तीन दिने देशव्यापी बैंक हड्ताल स्थगित भएको छ।

४. नेपालमा मुसलधारे वर्षा, बाढी र पहिरोका कारण २१ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्।

५. भारतले तिरुवनन्तपुरममा भएको पहिलो एकदिवसीय मैचमा वेस्ट इन्डिजलाई ८ विकेटले पराजित गरेको छ।

**सर्जिकल स्ट्राइक- वर्षगांठ**

भारतले आज सर्जिकल स्ट्राइकको दशौं वर्षगांठ मनाइरहेको छ। 28 र 29 सेप्टेम्बर 2016 को मध्यरातमा, सेनाले नियन्त्रण रेखा पार आतंकवादी स्थानहरू विरुद्ध लक्षित कारबाही गरेको थियो। यो कारबाही 18 सेप्टेम्बरमा उरी आतंकवादी हमलापछि गरिएको थियो, जसमा 18 भारतीय सैनिकहरू शहीद भएका थिए। यो कार्वाईले आतंकवादविरुद्ध भारतको सुरक्षा नीतिमा आएको परिवर्तनलाई रेखांकित गर्यो। यसपछि वर्ष २०१९ मा बालाकोट र वर्ष २०२५ मा अपरेसन सिन्दूर भयो। हिजो आकाशवाणी मार्फत मन की बात कार्यक्रममा प्रधान मन्त्री नरेन्द्र मोदीले २०१६ को सर्जिकल स्ट्राइकलाई महत्वपूर्ण पड़ावको रूपमा वर्णन गर्नुभयो। प्रधान मन्त्रीले भन्नुभयो, पछिल्लो दशकले आतङ्कवादसँग लड्ने भारतको तरिका परिवर्तन गरेको छ। प्रधानमन्त्री मोदीले लामो समयसम्म आतङ्कवादी हमलापछि सर्जिकल स्ट्राइक भारतको निर्णायक कारबाही भएको बताउदै २००८ मा दिल्लीमा भएका शृङ्खलाबद्ध बम विस्फोट र मुम्बईमा भएको २६/११ को आतङ्कवादी हमलाको स्मरण गर्नुभयो।

बाइट

श्री मोदीले भन्नुभयो, आतङ्कवादविरुद्ध भारतको नीति अब आतङ्कवादप्रति शून्य सहनशीलता भएको छ।

**शिवराज - रबि अभियान**

कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा रबी अभियान २०२६ का लागि कृषिसम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। विभागले आयोजना गरेको सम्मेलनमा आगामी रबी मौसमको तयारी र कृषि क्षेत्रको प्रमुख प्राथमिकताहरूको बारेमा छलफल हुनेछ। मन्त्रालयका अनुसार सम्मेलनमा केन्द्र र राज्यहरूबीच राम्रो समन्वय र कृषि उत्पादन, उत्पादकत्व, दिगोपना र किसानहरूको आय बढाउनका लागि साझा रणनीति तर्जुमा गर्ने विषयमा छलफल हुनेछ।

**राजीव रंजन -पोर्टल शुभारम्भ**

केन्द्रीय मत्स्य पालन, पशुपालन र डेयरी मंत्री राजीव रञ्जन सिंहले आज नयाँ दिल्लीमा पशुधन बीमा पोर्टलको शुभारम्भ गर्नुहुनेछ। यो देशमा पशुधन बीमा सेवाहरूको डिजिटल रूपान्तरणको दिशामा एक महत्त्वपूर्ण कदम मानिन्छ। मन्त्रालयका अनुसार यो पोर्टलले पशुधन बीमाको लागि एकीकृत डिजिटल प्लेटफर्मको रूपमा काम गर्नेछ। यसमार्फत बीमा योजना अन्तर्गत बीमा पशुहरूको पोलिसी जारी गर्ने, दाबी निपटान, अनुगमन र रिपोर्टिङ गर्ने प्रक्रियालाई सरल बनाइनेछ। पोर्टलमा हिन्दी र अंग्रेजीका अतिरिक्त ११ क्षेत्रीय भाषाहरूमा पनि सेवाहरू हुनेछन्। यसले पशुपालकहरूलाई उनीहरूको परिचित भाषामा जानकारी र बीमा सेवाहरू प्राप्त गर्न सक्षम बनाउनेछ।

## बैंक हड़ताल स्थगित

आजदेखि सुरु हुने तीन दिने देशव्यापी बैंक हड्ताल स्थगित भएको छ। **ऑल इंडिया बैंक एम्प्लॉइज एसोसिएशन-ए.आई.बी.ई.ए.** ले यसको पुष्टि गरेको छ। यो फैसला इंडियन बैंक्स एसोसिएशन-आई.बी.ए. सँग भएको सम्झौतापछि यो निर्णय लिइएको हो। एआईबीईएले एक सोशल मीडिया पोस्टमा हिजो राति हडतालसँग सम्बन्धित मुद्दाहरूमा एआईबीईए र युनाइटेड फोरम अफ बैंक युनियन्सबीच भएको बैठकपछि हडताल स्थगित गर्ने निर्णय लिएको बताएको छ।

## सुप्रीम कोर्ट - यूपीआई शुल्क

सर्वोच्च अदालतले आज दुई हजार रुपैयाँभन्दा अधिकको चुनिंदा यूपीआई मर्चेन्ट लेनदेनमा मर्चेन्ट डिस्काउन्ट रेट (एमडीआर) लगाउने केन्द्रको निर्णयलाई चुनौती दिने याचिकामा सुनुवाइ गर्नेछ। लगभग छ वर्षदेखि पूर्ण रूपमा निःशुल्क यूपीआई भुक्तानीको सुविधा समाप्त गर्दै, सरकारले अक्टोबर १५ देखि यूपीआई प्लेटफर्म मार्फत व्यापारीहरूलाई २,००० भन्दा अधिक हस्तांतरण गर्न शून्य दशमलव चार प्रतिशत शुल्क लगाएको छ। यसै सरकारले साधारण व्यक्ति-व्यक्ति लेनदेन र साना भुक्तानीहरूमा कुनै पनि शुल्कबाट छुट दिएको छ।

## सेवा संकल्प अभियान

प्रधानमन्त्री नरेन्द्र मोदीले जनसेवाको २५ वर्ष पूरा गर्दै हुनुहुन्छ। 'जनसेवामार्फत राष्ट्रसेवा' को मन्त्रका साथ उहाको यात्रा सुशासनको निरन्तर प्रतिबद्धतासँग जोडिएको छ। यही सोचका साथ सरकार सन् २०४७ सम्म विकसित भारतको लक्ष्य हासिल गर्न निरन्तर लागिपरेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरणमार्फत यी प्रयासहरूले जनताको जीवनमा परिवर्तन ल्याइरहेका छन्। आज, यस विशेष श्रृंखलामा, हामी कसरी यो दृष्टि लोथलमा राष्ट्रिय समुद्री सम्पदा परिसर जस्ता दूरदर्शी पहलहरू मार्फत कार्य गरिएको छ त्यसबारे कुरा गर्नेछौ।

**बाइट**

## दिल्ली-एसआईआर

निर्वाचन आयोगले दिल्लीमा विशेष गहन पुनरिक्षणको तालिका संशोधन गरेको छ। जसमा दावी र आपत्ति दायर गर्ने अन्तिम मिति अब ३० अक्टोबर हुनेछ। नोटिस जारी गर्ने र दावी र आपत्तिहरूको निपटान प्रक्रिया नोभेम्बर ३० सम्म जारी रहनेछ। अन्तिम मतदाता नामावली ४ डिसेम्बरमा प्रकाशित हुनेछ। दिल्लीका मुख्य निर्वाचन अधिकारीका अनुसार हिजो राष्ट्रिय राजधानी क्षेत्र दिल्लीका सबै मतदान केन्द्रहरूमा विशेष शिविरहरू आयोजना गरिएको थियो। यी शिविरहरूमा फारम-६ मार्फत नयाँ मतदाताहरूको दर्ता र अन्य निर्वाचन सेवाहरूको व्यवस्था गरिएको थियो। अहिलेसम्म दिल्लीमा २ लाख ९८ हजार ४ सय भन्दा अधिक सुनुवाइ भइसकेको छ।

## नेपाल-बाढ़-भूस्खलन

नेपालमा चार दिनदेखिको मुसलधारे वर्षा, बाढी र पहिरोका कारण २१ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्। आपदा प्रबंधन प्राधिकरणका अनुसार सबैभन्दा अधिक मृत्यु पहिरोका कारण भएको छ। पहिरोमा परी १४ जनाको मृत्यु भएको छ भने पाँच जना बेपत्ता भएका छन्। बाढीका कारण चार जनाको मृत्यु भएको छ भने अविरल वर्षाका कारण तीन जनाको मृत्यु भएको छ। बङ्गालको खाडीमा बनेको न्यून चापीय क्षेत्रका कारण २४ देखि २७ सेप्टेम्बरसम्म नेपालका धेरै स्थानमा भारी देखि धेरै भारी वर्षा रेकर्ड गरिएको छ। सबैभन्दा बढी प्रभावित पहाडी जिल्ला जाजरकोट, म्याग्दी र संखुवासभामा अलपत्र परेका मानिसहरूलाई आपतकालीन हेलिकप्टरमार्फत उद्धार गरिएको छ। भारी वर्षाका बेला नेपालमा करिब ९ हजार विदेशी पर्यटक र पदयात्रीहरू उपस्थित भएको आपदा प्रबंधन प्राधिकरणको अनुमान छ।

## पुरुष क्रिकेट

तिरुवनन्तपुरममा भएको पहिलो एकदिवसीय पुरुष क्रिकेट मैचमा वेस्ट इन्डिजलाई ८ विकेटले पराजित गर्दै भारतले तीन खेलको शृंखलामा एक–शून्यको अग्रता लिएको छ। २९६ रनको लक्ष्य पछ्याएको भारतले ४१ ओभर ४ बलमा दुई विकेट गुमाएर ३ सय रन बनाएको थियो। विराट कोहलीले अविजित १३९ रन बनाएर भारतको जितमा महत्वपूर्ण भूमिका खेलेका थिए

। एकदिवसीय क्रिकेटमा उनको यो ५५ औं शतक हो। यससँगै उनी सचिन तेन्दुलकरपछि एकदिवसीय क्रिकेटमा १५ हजार रन पूरा गर्ने दोस्रो ब्याट्सम्यान बनेका छन्। भारतका लागि कुलदीप यादवले चार विकेट लिए भने उनलाई म्यान अफ द म्याच घोषित गरियो।

**भारत-अफगानिस्तान सहायता**

भारतले मानवीय सहायताको एक हिस्साको रूपमा काबुलको सरकारी अस्पतालमा जीवन बचाउने औषधि र चिकित्सा सामग्रीको खेप पठाएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले अफगानिस्तानका जनतालाई भारतले गर्ने मानवीय सहायतामा स्वास्थ्य सेवालाई प्रमुख स्थान दिइएको बताउनु भयो।

**बधाई**

एसियाली खेलकुदमा उत्कृस्ट प्रदशन गर्दै भारतले ३ कास्य तथा ४ रजत पदक जितेको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तथा प्रधानमंत्री नरेन्द्र मोदीले एसियाली खेलकुदको बिभिन्न प्रतिस्पर्धामा पदकहरु जित्ने खेलाडीहरुलाई बधाई दिनुभएको छ। सोशल मीडियामा पोस्ट गर्दै राष्ट्रपति तथा प्रधानमन्त्रीले खेलाडीहरुको प्रदर्शन रोमाञ्चक रहेको र उहीहरुको कौशल र दृढताले देश गर्व महसुस गरेको बताउनु भयो।